# माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई)

## नमुना प्रश्न पत्र

**सेटः १**

विषय : सामाजिक अध्ययन पूर्णाङ्क : ७५

समय : ३ घण्टा

---

**समूह क**

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस्ः** **(११×१ = ११)**

१. सामाजिकीकरण भनेको के हो ?

२. नेपालमा दिगो विकास कार्यान्वयनलाई प्रभावकारी बनाउन एक सुझाव दिनहोस् ।

३. भ्रष्टाचारले राजनीतिक क्षेत्रमा पार्ने एक नकरात्मक प्रभाव उल्लेख गर्नुहोस् ।

४. घरेलु हिंसा हटाउने उपयुक्त एक सन्देशमूलक व्यानर तयार पार्नुहोस् ।

५. जनमत सङ्ग्रह भनेको के हो ?

६. राजा ज्ञानेन्द्र शाहले २०५९ साल असोज १८ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई वर्खास्त गर्नु कत्तिको न्याय सङ्गत थियो ? आफ्नो विचारलाई एक वाक्यमा तर्कसहित पुष्टि गर्नुहोस् ।

७. वित्तीय उपकरण भनेको के हो ?

८. निर्जीवन बीमा गर्नु व्यर्थ हो भनेर नकरात्मक प्रचार फैलाउने व्यक्तिलाई एक सुझाव दिनुहोस् ।

९. संयुक्त राष्ट्रसङघीय महासभाको बैठक कहिले बस्छ ?

१०. विश्वव्यापीकरणलाई कसरी सीमाहीन विश्व भन्न सकिन्छ ? एक वाक्यमा आफ्नो तर्क लेखी पुस्टि गर्नुहोस् ।

११. आफ्नो सन्तानको गुणस्तरीय जीवनको लागि तपाईंको परिवारले गरेको कुनै एक व्यावहारिक अभ्यास उल्लेख गर्नुहोस् ।

**समूह ख**

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्ः** **(९×४=३६)**

१२. बढ्दो विश्वव्यापीकरणले गर्दा हाम्रो आफ्नो मौलिकतामा क्रमशः ह्रास आएको देखिन्छ । यस अवस्थामा हाम्रा पहिचान बचाई राख्ने उपायहरू समेटी दैनिक पत्रिकाका लागि सम्पादकीय तयार पार्नुहोस् ।

१३. मानव विकास सूचकाङ्कबाट के थाहा पाउन सकिन्छ ? नेपालको वर्तमान परिप्रेक्ष्यमा यसको अवस्थाबारे उल्लेख गर्दै सुधारका कुनै दुई उपायहरू सुझाउनुहोस् ।

१४. तपाईंको परिवारको जेष्ठ नागरिकप्रति तपाईंले गर्ने व्यवहारको सूची चार बुँदामा उल्लेख गर्नुहोस् ।

१५. "तपाईंको समुदायमा प्रचलित रहेका लोकवाजाहरू तपाईंको समुदायको पहिचान हो ।" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

अथवा

युनेस्कोले नेपालको १० ओटा सम्पदालाई विश्व सम्पदा सुचीमा सुचिकृत गरेको छ भने नेपाल सरकारले अरु १५ ओटा सम्पदालाई सम्भावित सुचिमा समावेश गरेको छ । सम्भावित सुचीमा सुचिकृत सम्पदालाई विश्वसम्पदा सुचीमा सुचीकृत गर्न नेपालले कस्तो कदम चाल्नुपर्ला ? लेख्नुहोस् ।

१६. सामाजिक समस्या पहिचान र समाधानको लागि स्थानीय निकायलाई नै बढी जिम्मेवार बनाउनु पर्छ भन्ने सन्दर्भमा चारबुँदामा आफ्नो तर्कद्वारा पुष्टि गर्नुहोस् ।

१७. सङ्घीय व्यवस्थापिका र प्रदेश व्यवस्थापिकाबिच दुई समनता र दुई भिन्नता उल्लेख गर्नुहोस् ।

१८. रसियाको मस्कोमा अध्ययनमा रहनुभएको आफ्ना काकासँग साइवेरिया घुम्ने अवसर पाउनु भयो भने कस्तो किसिमको हावापानी र जनजीवन पाउनु हुन्छ ? उल्लेख गर्नुहोस् ।

१९. जलवायु परिवर्तनले नेपाललाई पारेको असर बारे एक पत्रिकाका लागि समाचार तयार पार्नुहोस् ।

२०. जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्या कति हो ? वि.स. २०५८ पछिको जनगणना अनुसार जनसङ्ख्या वृद्धिदर घट्दो क्रममा रहेको पाइन्छ । यसका प्रमुख तीन कारण उल्लेख गर्नुहोस् ।

**समूह ग**

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** **(४×७=२८)**

२१. राष्ट्रका तीन अङ्गहरू के के हुन ? यी तीन अङ्गहरूले एक अर्कालाई कसरी स्वेच्छाचारी र निरङ्कुश हुनबाट रोक्छ ? प्रष्ट्याउनुहोस् ।

२२. पृष्ठ भरिने गरी नेपालको नक्सा निर्माण गरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केतद्वारा देखाउनुहोस् ।

तिलिचो ताल, से फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, सैपाल हिमाल, जाजरकोट

अथवा

अफ्रिका महादेश को नक्सा निर्माण गरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केतद्वारा देखाउनुहोस् ।

कालाहारी मरुभूमि, लालसागर, किलोभन्जारो पर्वत, कङ्गो नदी ।

२३. बदलाको भावनाले विनास निम्त्याउँछ भन्ने कुरालाई दोस्रो विश्वयुद्धको सान्दर्भिकतालाई लिएर पुष्टि गर्नुहोस् ।

२४. बढ्दो वैदेशिक रोजगार र शैक्षिक उन्नयनका लागि हजारौं नेपाली युवाहरू विदेश पलायन भएका छन् । यो प्रवृत्तिलाई नियन्त्रण गरी स्वदेशमै बस्ने वातावरण सृजना गर्न अनुरोध गर्दै नेपाल सरकारलाई एक पत्र लेख्नुहोस् ।

# माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई)

## नमुना प्रश्न पत्र

**सेटः २**

विषय : सामाजिक अध्ययन | पूर्णाङ्क : ७५

समय : ३ घण्टा

### समूह क

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. विविधतामा एकता भनेको के हो ?

२. नेपालमा सङ्घीयताको कार्यान्वयनले ल्याएको कुनै एक सकरात्मक परिवर्तन उल्लेख गर्नुहोस् ।

३. कम उमेरमा विवाह गर्दा आइपर्ने कुनै दुई समस्याहरू उल्लेख गर्नुहोस् ।

४. भ्रष्टचार विरूद्ध शून्य सहनशीलताको नीति भनेको के हो ?

५. वि.स. २००७ साल फागुन १ गते दिल्ली सम्झौता हुनुको प्रमुख एक कारण उल्लेख गर्नुहोस् ।

६. प्रथम र दोसो विश्वयुद्धमा नेपालीहरूको सहभागितालाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ? आफनो विचार एक वाक्यमा लेख्नुहोस् ।

७. स्वास्थ्य बीमाको महत्व एक वाक्यमा लेख्नुहोस् ।

८. बैंकबाट ऋण लिएर व्यवसाय गर्न चाहने तपाईंको आफन्तलाई ऋणको सदुपयोग गर्ने एक सल्लाह दिनुहोस् ।

९. वर्तमान विश्वका दुईओटा समसामयिक घटनाहरूको सूची बनाउनुहोस् ।

१०. सूचना तथा सञ्चार प्रविधिको विकासले मानव विकासमा पनि परिवर्तन ल्याएको छ, कसरी ? एक वाक्यमा लेख्नुहोस् ।

११. विश्वमा घटदै गइरहेको जनसङ्ख्या वृद्धिदरले आर्थिक क्षेत्रमा पारेको प्रभाव एक वाक्यमा लेख्नुहोस् ।

### समूह ख

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९×४=३६)**

१२. सामाजिकीकरण भनेको के हो ? विद्यालयले विद्यार्थीहरूको सामाजिकीकरणमा कसरी मद्दत पुऱ्याउँछ ? उल्लेख गर्नुहोस् ।

१३. "नेपालजस्ता विकासोन्मुख देशमा दिगो विकास गर्नका लागि गरिवी निवारण आवश्यक हुन्छ", कसरी ? चार बुँदामा प्रष्ट्याउनुहोस् ।

१४. राष्ट्रव्यापी रूपमा राष्ट्रले विभिन्न राष्ट्रिय दिवस मनाउँछ । यसमध्ये कुनै दुइओटा मात्रै मनाउँन सान्दर्भिक छ भने तपाईंलाई कुन कुन उपयुक्त लाग्छ ? तर्क सहित पुष्टि गर्नुहोस् ।

१५. विश्वमा बढी रहेको हातहतियार निर्माणको होडबाजी, युद्ध र हिंसाको अवस्थामा विश्ववन्धुत्व र मानवताको महत्व उल्लेख गर्नुहोस् ।

अथवा

नेलसन मण्डेलाको जीवनीबाट तपाईले के प्रेरणा पाउनु भयो ? उल्लेख गर्नुहोस् ।

१६. "अन्ध विश्वासलाई समाज परिवर्तन र सम्वृद्धिको वाधकको रूपमा लिइन्छ," कसरी ? पुष्टि गर्नुहोस् ।

१७. सङ्घीय कार्यपालिका र प्रदेश कार्यपालिका विच चार भिन्नता देखाउनुहोस् ।

१८. उष्ण मौसमी हावापानी र समशीतोष्ण मौसमी हावापानीविच पाइने कुनै चार समनताहरू उल्लेख गर्नुहोस् ।

१९. नेपालले संयुक्त राष्ट्र सङ्घको सदस्य बनेर अन्तर्राष्ट्रिय क्षेत्रमा निर्वाह गरेको भूमिकाको विषयमा समाचार तयार पार्नुहोस् ।

२०. पारिवारिक योजना र गुणस्तरीय जीवनको अन्तर सम्बन्धको बारेमा चर्चा गर्नुहोस् ।

**समूह ग**

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** **(४×७=२८)**

२१. विदेशमा रहेका नेपाली नागरिकलाई निर्वाचनमा मताधिकार दिनु कत्तिको सान्दर्भिक छ ? आफ्नो धारणा राख्दै यसमा देखिएका चुनौतीहरू औंल्याउनुहोस् ।

२२. पृष्ठ भरिने गरी नेपालको नक्सा निर्माण गरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केतद्वारा देखाउनुहोस् ।
गौरीशंकर हिमाल, कपास उत्पादन हुने क्षेत्र, पासाङल्हामु राजमार्ग, अपिनाप्पा संरक्षण क्षेत्र

अथवा

उत्तर अमेरीकाको नक्सा निर्माण गरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केतद्वारा देखाउनुहोस् ।
सुपेरियर ताल, मिसीसिमी नदी, न्यूयोई, प्रेरिज

२३. नेपालको इतिहासमा २०१७ साल पौष १ गते राजा महेन्द्रले चालेको कदम उपयुक्त र सान्दर्भिक थिएन भन्ने तथ्यलाई छोटकरीमा पुष्टि गर्नुहोस् ।

२४. तपाईं विमा संस्थानमा निर्जीवन विमा विभागको प्रमुख हुनु भएको खण्डमा नेपाल जस्तो कृषि प्रधान देशमा कृषकहरूलाई आफ्नो व्यवसाय कृषि र पशुपालनको विमा गर्न कसरी उत्प्रेरित गर्नुहुन्थ्यो ? प्रभावकारी छोटो योजना बनाउनुहोस् ।